श्री शारदा माध्यमिक विद्यालय

मल्लरानी गाउँपालिका-३, चौरपानी प्युठान

स्थापना: २००९

पत्र संख्या : २०८३ कोड नं ५२०४२०००३

चलानी नम्बर : ५३ मिति २०८३/०७/१६गते

विषय : सरुवा सहमतिका लागि दरखास्त सम्वन्धमा ।

श्री सम्बन्धित सवै,

प्रस्तुत विषयमा यस श्री शारदा माध्यमिक विद्यालय मल्लरानी गाउँपालिका ३, चौरपानी प्युठानमा प्राथमिक तह तृतीय श्रेणीको १ (एक) शिक्षक दरबन्दि रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मितिः २०८३/०७/१६ गतेको वैठकको निर्णय अनुसार र शिक्षा नियमावली २०५९ (दशौँ संशोधन,२०८३) को सरुवा सम्बन्धि व्यवस्था वमोजिम उक्त दरबन्दि शिक्षक सरुवा मार्फत पूर्ति गर्नुपर्ने भएकाले प्राथमिक तह तृतीय श्रेणीको स्थायी दरवन्दिमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिनसम्म कार्यालय समयभित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ ।

आवश्यक कागजातहरु :

१) सरुवाका लागि निवेदन ,
२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
३) आफ्नो सेवा अवधि खुल्ने कागजात,
४) स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
५) हाल कार्यरत विद्यालयको र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात,
६) असाधरण तथा वेतलवी विदा लिए नलिएको सम्वन्धी कागजात,
७) हाल कार्यरत विद्यालयको सहमति,
८) हाल कार्यरत स्थानीय तहको सहमति पत्र,
९) शिक्षा नियमावली दशौँ संशोधन २०८३ वमोजिम प्राथमिकतामा दावि,
१०) शिक्षा नियमावली २०५९ को अनुसूचि १७ वमोजिमको फाराम ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौँ संशोधन २०८३) तथा प्रचलित कानुन वमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि वढाइने वेहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ :

१) श्री शिक्षा विकास तथा समन्वय एकाइ प्युठान जानकारी तथा वेभसाइटमा प्रकाशनका लागि,
२) श्री शिक्षा युवा तथा खेलकुद शाखा मल्लरानी गाउँपालिका प्युठान जानकारी तथा वेभसाइटमा प्रकाशनका लागि,
३) श्री मल्लरानी गाउँपालिका ३, नम्वर वडा कार्यालय प्युठान जानकारी तथा वेभसाइटमा प्रकाशनका लागि,
४) विद्यालय सूचना पाटी एवं सामाजिक सञ्जालमा प्रकाशनका लागि ।

सम्पर्क नं ९८४१४९३२६३, इमेल :sharadamavi26@gmail.com

(कलराज पौडेल)
प्रधानाध्यापक